आज मिति २०७७ साल वैशाख १६ गते मंगलबारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ४७ औं गाउँ कार्यपालिकाको वैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | | |
| ९ | श्री सुर्य बहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | | चिनी |
| १४ | श्री बुद्धिमाया बोम्जन, कार्यपालिका सदस्य, | | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | | |

Scanned with CamScanner

**प्रस्तावहरु :**

१. हालसम्म सञ्चालित योजना तथा कार्यक्रम तथा कोभिड १९ सँग सम्बन्धित कार्यक्रमहरुको समिक्षा सम्बन्धमा ।
२. बजेट रकमान्तर सम्बन्धमा ।
३. बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि संशोधन सम्बन्धी ।
४. बाँझो जग्गा उपयोग अनुदान उपलब्ध गराउने सम्बन्धी सूचना आव्हान सम्बन्धमा ।
५. विभिन्न बजेट शिर्षकका कार्यक्रम सञ्चालन सम्बन्धमा ।
६. युवा लक्षित कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा ।
७. विविध ।

**छलफल तथा निर्णयहरु**

**१. हालसम्म सञ्चालित योजना तथा कार्यक्रम तथा कोभिड १९ सँग सम्बन्धित कार्यक्रमहरुको समिक्षा सम्बन्धमा ।**

चालु आर्थिक वर्षमा यस गाउँपालिकाले कार्यान्वयन गरिरहेका योजना तथा कार्यक्रमहरु विश्वव्यापी महामारीको रुपमा फैलिएको काभिड-१९ को संक्रमणको जोखिम तथा नियन्त्रणको लागि नेपाल सरकारले गत चैत्र ११, २०७६ देखि नै जारी गरेको लकडाउनले हालसम्म पनि निरन्तरता पाइरहेको सन्दर्भमा सञ्चालित योजना तथा कार्यक्रमहरुको सन्दर्भमा देहायका क्रियाकलाप गर्ने निर्णय गरियो ।

- कार्यसम्पन्न भएका योजनाहरुको अनुगमन तथा मुल्याकंन गरी भुक्तानि प्रक्रिया अगाडि बढाउने
- गाउँपालिका तथा वडा कार्यालयहरुमा कर्मचारी नियमित रुपमा उपस्थित भई सामाजिक दूरी कायम गरी भिँडभाड हुन नदिई कार्यालयको नियमित काम कारवाहि गर्ने ।
- ठेक्का तथा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरुको कार्यान्वयन सुरक्षित एवं सामाजिक दूरी कायम गरी कार्यान्वयन गराउने साथै योजना कार्यान्वयनको अवस्थामा आवश्यक पर्ने सिमेन्ट, ढुंगा, गिटी, बालुवा, रड लगाएतका निर्माण सामाग्रीको ढुवानी व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालयले तोकेको समयावधिभित्र निर्माणस्थलमा पुग्ने गरी गाउँपालिका तथा वडामार्फत आवश्यक सहजीकरण गर्ने ।
- दूग्धजन्य, पशूजन्य, कृषिजन्य सामाग्रीहरु, खाद्यान्न तथा सामाग्रीहरुको आपूर्तिको लागि उपलब्ध गराइने सिफारीस तथा अनुमतिको दुरुपयोग नहुने गरी जुन उद्धेश्यको लागि सिफारीस प्राप्त गरेको हो सोही कार्यमात्र गर्ने गराउने व्यवस्था गर्ने,
- गाउँपालिकाले स्वास्थ्य कर्मी तथा प्रहरी परिचालन गरी गाउँपालिकको विभिन्न ६ ठाउँमा मानिसहरुको अनावश्यक आवागमन रोक्न तथा बाहिरबाट आउने व्यक्तिको ज्वरो परिक्षण एवं रेकर्ड राख्ने कार्यको लागि राखिएको हेल्थ डेस्क सञ्चालन हाललाई स्थगित गर्ने ।
- लकडाउनको प्रभावका कारण समस्यामा परेका काठमाडौं तथा अन्य जिल्लाबाट आफ्नो गाउँ फर्किन चाहने यस गाउँपालिकाका बासिन्दाहरुलाई बसको व्यवस्था गरी ल्याउने आवश्यक प्रबन्ध गर्ने तथा ढुवानी खर्च गाउँपालिकाले व्यवस्थापन गर्ने,

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

- लकडाउनका कारण घरमै काम विहिन भएर बस्नुपर्नाले मधिरा सेवन, सामाजिक कुरीति तथा अपराध बढ्दै गएको, बालविवाहका घटनाहरु बढेको, मानिसहरु जमघट गरेर जुवातास, क्यारेमबोर्ड खेल्ने गरेको अनुगमनबाट देखिन आएकोले सबै वडाहरुमार्फत गाउँपालिकाले पारीत गरेको **सामाजिक व्यवहार सुधार ऐन, २०७५** कडाईका साथ कार्यान्वयन गर्ने गराउने ।
- कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको लकडाउन भन्दा अगाडीनै परीक्षा सम्पन्न भएपनि हालसम्म परीक्षाफल प्रकाशन नभएकोले शिक्षा शाखामार्फत परीक्षाफल प्रकाशित गर्न बाँकी रहेका विद्यालयहरुले तुरुन्त परीक्षाफल प्रकाशन गर्न गराउने साथै दूरी कायम गरी भर्ना अभियान सञ्चालन गर्न गराउन निर्देशन दिने ।
- भुकम्प पुन: निर्माण प्राधिकरणमार्फत आवास निर्माण कार्यक्रमको निरन्तरताको लागि आव्हान गर्ने ।

## २. बजेट रकमान्तर सम्बन्धमा ।

यस आर्थिक वर्षका लागि २०७६ असारमा सम्पन्न गाउँसभाबाट पारीत भएका बजेट शिर्षकहरुमध्य गाउँ कार्यपालिकालाई चालु शिर्षकबाट चालु तथा पुँजिगत शिर्षकमा एवं पुँजिगत शिर्षकवाट पुजिँगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने अधिकार विनियोजन ऐन तथा आर्थिक कार्यविधि ऐनद्धारा अधिनस्त भएकोले सोही कानुनको अधिनमा रहि देहाय बमोजिम बजेट रकम मौज्दाद हुने शिर्षकवाट बजेट रकम अपुग हुने शिर्षकमा रकमान्तर गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| घटाउने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
| ८०३३२५०५१०१ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५४००.२ | |
| ८०३३२५०५१०१ | ज्यामिरे कल्भर्ट निर्माण | ३११५१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३०० | |
| ८०३३२५०५२०८ | इपा खहरे/कुडाडा सडक निर्माण | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५० | |
| ८०३३२५०५१०१ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम | २२५११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २०० | |
| ८०३३२५०५१०१ | सहकारी एकिकरण प्रोत्साहन कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |
| ८०३३२५०५१०१ | अध्ययन अवोलकन भ्रमण | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २५० | |
| ८०३३२५०५१०१ | जलाधार संरक्षण वृक्षारोपण कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६०० | |
| ८०३३२५०५१०१ | सुचना प्रविधि विकास | ३११२२ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३०० | |
| ८०३३२५०५१०१ | पिपिपि साझेदारी कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६०० | |
| ८०३३२५०५१०१ | वुर्जाडाडा खानेपानी योजना | ३११५६ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १५०० | |

बिदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३२५०५१०१ | सहकारी क्षेत्रप्रवद्धन कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |
| ८०३३२५०५१०१ | मनकामना मन्दीर क्षेत्र विकास कार्यक्रम | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८०० | |
| ८०३३२५०५१०१ | गरिवि नक्सांकन कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५०० | |
| ८०३३२५०५१०१ | महंगी भत्ता | २११३२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४२० | |
| ८०३३२५०५२०४ | कुसुमटार मजुवा सिचाइ योजना | ३११५५ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००० | |
| ८०३३२५०५१०१ | सहकारि गठन दर्ता नियमन तथा अनुगमन | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०० | |
| ८०३३२५०५१०१ | सिप मुलक तालिम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ७०० | |
| ८०३३२५०५१०१ | भण्डारे कृपि सडक | ३११५१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०० | |
| ८०३३२५०५१०१ | अन्य भाडा | २८१४९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४०० | |
| ८०३३२५०५१०१ | फुटसल मोरङे सडक | ३११५१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २०० | |
| ८०३३२५०५१०१ | स्थानीय कच्चा पदार्थमा आधारीत साना तथा घरेलु उद्योग संचालन लागत सहभागितामा | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०० | |
| ३०१ | विद्यालय दिवा खाजा कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३००० | |
| ३३२५०५३०३ | पशु पिस पार्क निर्माण | ३११५९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००० | |
| ८०३३२५०५३०३ | वसाइ सरि आउनेलाइ कृषि प्रोत्साहन कार्यक्रम | २२५२२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २४० | |
| ८०३३२५०५१०१ | राजस्व सुधार योजना तयार सफ्टवयर नेटवरकिङ | ३११३५ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ९७० | |
| ८०३३२५०५३०३ | डिपिङ ट्याङ निर्माण | ३११५९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |
| | | | | | | | २०५३०.२ | |

बढाउने

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३२५०५१०४ | युवा लक्षीत कार्यक्रम | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०० | |
| ८०३३२५०५२०४ | कुसुमटार मामरी खोला फलामे पुल | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००० | |
| ८०३३२५०५२०८ | मानेडाडा दम्की सडक निर्माण | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५० | |
| ८०३३२५०५१०१ | गा पा सवारी साधन खरिद हलुका | ३११२१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५० | |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३२५०५१०१ | छपाइ तथा प्रकाशन | २२३१५ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ९९९.६ | |
| ८०३३२५०५१०१ | साविक वडा ७ मरङे सामरी सडक | ३११५१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |
| ८०३३२५०५१०१ | बाझो जग्गा तथ्याङ संकलन तथा व्यवस्थापन | २२५२२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २०० | |
| ८०३३२५०५१०१ | वाग्दली देवीडाडा गापा जोडने स्टिल ट्रस्ट निर्माण | ३११५१ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १५०० | |
| ८०३३२५०५१०१ | भिमसेन डाडा कदम खोला वस्ती संरक्षण | ३११५४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६०० | |
| ८०३३२५०५१०४ | युवा लक्षीत कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६०० | |
| ८०३३२५०५१०१ | सहकारी पशु दाना उद्योग संचालन | ३११५९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७५० | |
| ८०३३२५०५१०१ | डिपिङ ट्याङ निर्माण | ३११५९ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३०० | |
| ८०३३२५०५१०१ | फुटसल मोरङे सडक | ३११५१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०० | |
| ८०३३२५०५१०१ | गाउपालिका तथा वडा करार सेवा शुल्क | २२४१३ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २४० | |
| ८०३३२५०५१०१ | वाग्दली देवीडाडा गापा जोडने स्टिल ट्रस्ट निर्माण | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८०० | |
| ८०३३२५०५१०१ | गिता धर्म कदम खोल्सी वस्ती संरक्षण | ३११५४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०० | |
| ८०३३२५०५१०१ | कोरोना प्रभावितहरुको लागी आयमुलक तथा अनुदान कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १५०० | |
| ८०३३२५०५१०१ | पशु मैत्री पार्कको डिपियार निर्माण | ३११७२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २५० | |
| ८०३३२५०५१०१ | धादिङ ज्यामिरे कुलो निर्माण | ३११५५ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३०० | |
| ८०३३२५०५१०१ | बाझो जग्गा तथ्याङ संकलन तथा व्यवस्थापन | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३८०० | |
| ८०३३२५०५३०१ | कोरोना प्रभावित भइ गाउ फर्केका प्रभावितहरुका० आयमुलक तथा व्यवसाय संचालनका० लागी अनुदान कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३००० | |
| ८०३३२५०५३०३ | उन्नत वोयर वोका वितरण | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २६० | |
| ८०३३२५०५३०३ | उन्नत वोयर वोका वितरण | २२५२२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २४० | |
| ८०३३२५०५३०३ | दुधमा प्रोत्साहन अनुदान कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०० | |
| ८०३३२५०५१०१ | भालुखोला धाम भवन तथा ट्वाइलट निर्माण | ३११५८ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १८०१६ | |
| ८०३३२५०५१०१ | कुमाले टोल वस्ती संरक्षण | ३११५४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १२० | |
| ८०३३२५०५१०१ | जन प्रगतीशिल दुग्त्र उ स भवन निर्माण | ३१११२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३२५०५१०१ | लखन टोल गुम्बा छ्योर्तन पुन निर्माण | ३११५९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १०० | |
| ८०३३२५०५१०१ | रक्षा देवि मन्दीर निर्माण | ३११५९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १५० | |
| ८०३३२५०५१०१ | हिमाल महिला वहुउदेश्य भवन निर्माण | ३१११२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ३०० | |
| ८०३३२५०५३०३ | चेयाफटकटर अनुदान कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५८० | |
| | | | | | | जम्मा | २०५३०.२० | |

## ३. बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि संशोधन सम्बन्धी ।

लामो समयदेखि लकडाउनका कारण हाल गाउँपालिकामा फर्केर आएका वासिन्दाहरुलाई ५ वर्षदेखि बाँझो रहेको जग्गाको उपयोग गरेमा अनुदान दिलाउने उद्धेश्यले निर्णय नं. २ बमोजिम बजेट शिर्षक खडा गरी बजेट रकम समेत विनियोजन गरिएको सन्दर्भमा यस गाउँपालिकामा बाँझो जग्गामा खेतिपाती, पशूपालन, फलफूल तथा तरकारी खती गर्न चाहने मानिसहरुलाई अनुदान रकम उपलब्ध गराउन यस गाउँपालिकाले पारीत गरेको **बाँझो जग्गा उपयोग सम्बन्धि कार्यविधि, २०७५** मा देहायबमोजिम संशोधन गरी पारीत गर्ने निर्णय गरियो ।

**<u>मकवानपुरगढी गाउपालिका भु -उपयोग कार्यविधि २०७५ दफा ८ पछी देहायको दफा ८क. देखि ८ङ सम्म थप्ने</u>**

### ८.क. पाँच वर्षदेखिको बाझो जग्गा उपयोग गरेमा अनुदान दिने सम्बन्धि व्यवस्था

गाउपलिकाको कुनै व्यक्तिले पाँच वर्षदेखिको वाझो भएको निजि एवं नम्बरी जग्गा उपयोग गरेमा तपसिल वमोजिम अनुदान दिइनेछ ।

१. वाँझो जग्गामा आपं, लिची, केरा, कटहर, सुन्तला,कागती तथा अन्य फलफुल खेति गरेमा प्रति रोपनि रु २०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
२. वाझो जग्गामा अन्नवाली, तरकारीवालि र नगदेवाली तथा मसलेदार खेति गरेमा प्रति रोपनी रु २५००।- का दरले अनुदान उपलव्ध गराइने छ ।
३. हाल लकडाउनका कारण गाउँपालिकाको तर्फवाट खाद्यान्न प्राप्त गरेका वा वाहिर वसी काम गर्ने विपन्न तथा मजदुर घरपरिवारले आफ्नो स्वामित्वमा रहेको वाँझो जमिन वा अरु कुनै व्यक्तीवाट वाँझो जग्गा भाडामा वा लिजमा लिइ अन्नबाली, तरकारीवालि, फलफुल *तथा मसलेदार खेति गरेमा रु. ३०००।- का दरले अनुदान उपलव्ध गराइने छ ।*
४. वाझो रहेको आफ्नो जग्गा वा लिजमा लिएको जग्गामा सुधारिएको गोठ वा खोर निर्माण गरी घास लगाइ व्यवसाहिक पशु पालन गरेमा प्रति रोपनि रु. ३०००।- का दरले अनुदान उपलव्ध गराईनेछ ।
५. वाझो रहेको जग्गामा ३० वटा वाख्रा , ५ वटा सम्म गाई वा भैसी र १ वटा वंगुर पाल्ने गरी खोर वा गोठ निर्माण गर्न स्टमेट र मुल्याङकनको आधारमा वढीमा १ लाख सम्म अनुदान उपलव्ध गराइने छ ।
६. माछा पालन गर्नका लागी प्रति रोपनि पोखरी निर्माण गरी प्रयोगमा ल्याएमा १५०००।- उपलव्ध गराईने छ ।
७. मौरी पालन गर्ने कृषकका लागि प्रति घार रु. ५ हजारका दरले उपलव्ध गराईने छ ।
८. व्यवसायीक जडीवुटी खेति गर्नका लागी प्रति रोपनि रु. ५ हजार सम्म उपलव्ध गराईनेछ ।

### ८. ख. बाँझो जमिन राखेमा भूमिकरमा बृद्दी गरिने

१. कसैले यस कार्यविधि बमोजीम खेतियोग्य जमिन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमिनको गाउंसभाबाट अनुमोदन हुने गरि भुमिकरमा बृद्दी गरिने, त्यस्तो बाँझो जग्गा स्वामित्वमा भएको व्यक्तिलाई गाउपलिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागी नगराउने साथै गाउपलिकाले उपलब्ध गराउने सेवाबाट समेत वन्चित गर्न सकिनेछ ।
२. कसैले यस कार्यविधि बमोजीम अटेर गरि वाँझो राखेको जग्गालाई कुनै जग्गा नभएको मोहीले त्यस्तो जग्गा कमाउन चाहेमा गाँउपालिकाले त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि उपलब्ध गराउन सक्नेछ ।
३. कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो जग्गा गाउपालिकाको भुमि वैकमा जम्मा गर्नु पर्नेछ ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

**८ ग. बाझो जग्गा उपयोगको लागि नियमन गरिने**
वाझो जग्गा खेति गर्ने तथा उपयोग गरेवापत प्राप्त गर्ने अनुदान वितरणको लागी निम्न कार्य गरिनेछ ।
क. वाझो जग्गा खेति गर्ने तथा उपयोग गर्नको लागी अनुदान प्राप्तको लागी यथार्थ अवस्था भन्दा फरक अभिलेख तयार गरी अनुदान लिन खोजेमा वा लिएमा नियमानुसार नियमन गरिने छ ।
ख. सिफारिस गर्ने तह वा समितिले सो अवस्थाको पुर्ण अध्ययन गरेर मात्र सिफारिस गर्नु पर्ने छ । अन्यथा आफै जिम्वेवारी वनु पर्ने छ ।
ग. सामुहिक खेतिवा पशुपालन वा सामुहिक उद्यमलाई पनि प्रति रोपनिको आधारमा वा निर्मा भएको संरचनाका आधारमा अनुदान सहयोग उपलव्ध गराईनेछ ।
घ. यस भन्दा अघि पुर्ण रुपमा जग्गा वाझो राखी हाल वसोवास गर्ने वा खोर वा गोठ निर्माण गरी वाझो जग्गा उपयोग गर्न शुरु गरे पश्चात भुक्तानी गर्ने प्रकृया अगा८ वढाइने छ ।
ङ. एक पटक अनुदान प्राप्त पश्चात निर्न्तर जग्गा उपयोग गरी रहनु परपर्दछ । अन्यथा वाजो राख्न पाइने छैन ।

**८घ. बाझो जग्गा छनोट समितिको व्यवस्था**
वाझो जग्गा उपयोग गर्नेलाइ प्रदान गरिने अनुदान वितरण गर्ने व्यक्ती छनौट सिफारिस समिति

| | |
|---|---|
| क. सम्वन्धी वडाको अध्यक्ष | संयोजक |
| ख. सम्वन्धी वडाका वडा सदस्य वडा समितिले मनोनित २ जना सदस्य | सदस्य |
| ग . सम्वन्धीत टोल विकास समितिको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| घ. वडा सचिव | सदस्य सचिव |

समितिको सिफारिसको आधारमा गाउ कार्यापालिकाले निर्णय गरि व्यक्ती छनौट गरिने छ ।

**८ ङ. अनुगमंत तथा सुपरिवेक्षणको व्यवस्था**
वाझो जग्गा उपयोग सम्वन्धी समग्र कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न तपसिलको एक अनुगमन समिति गठन गरिने छ ।

| | |
|---|---|
| क. गाँउपालिका उपाध्यक्ष | संयोजक |
| ख.गाउपालिका अध्यक्षले मनोनित गरेको २ जान | सदस्य |
| ग. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| घ. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ङ. योजना तथा अनुगमन इकाइको प्रमुख | सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

अनुगमन समितिले अनुगमन गरी मासिक रुपमा अनुगमन प्रतिवेदन गाउ कार्यापालिकाको वैठकमा पेश गर्नु पर्ने छ ।

**४. बाँझो जग्गा उपयोगमा अनुदान उपलब्ध गराउने सम्वन्धि सूचना आव्हान गर्ने सम्बन्धमा ।**
निर्णय नं. ३ बमोजिम **संशोधित बाँझो जग्गा उपयोग सम्वन्धी कार्यविधि, २०७५** बमोजिम लकडाउनबाट प्रभावित व्यक्तिहरुले आफ्नो गाउँमा आई कृषि तथा पशूपालनमा आवद्ध हुन चाहेमा देहाय बमोजिमको सूचना आव्हान गरी अनुदान कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**बाँझो जग्गा उपयोग अनुदान उपलब्ध गराउने सम्वन्धि सूचना ।**
विश्वव्यापी रुपमा फैलदै गएको नोभेल कोरोना भाइरस रोगको संक्रमणलाई न्युनिकरण गर्न नेपाल सरकारले गत २०७६ चैत्र ११ गते देखि नै गरेको लकडाउन अर्थात वन्दावन्दीको प्रभावबाट उत्पन्न हुनसक्ने अनिकाल एवं खाद्यसंकटबाट मकवानपुरगढी गाउँपालिकावासीलाई वचाउन बाँझो जग्गालाई उपयोग गरी कृषि उत्पादन पेशामा संलग्न हुने कृषकहरुलाई प्रोत्साहनस्वरुप तपसिल बमोजिम अनुदान उपलब्ध गराउने निर्णय भए बमोजिम इच्छुक व्यक्तिलाई देहायमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुन यो सूचना आव्हान गर्दछौं ।

तपसिल

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

९. बाँझो जग्गामा आपं, लिची, केरा, कटहर, सुन्तला,कागती तथा अन्य फलफुल खेति गरेमा प्रति रोपनि रु २०००।- का दरले अनुदान उपलब्ध गराइने छ ।
२. वाझो जग्गामा अन्नवाली, तरकारीवालि र नगदेवाली तथा मसलेदार खेति गरेमा प्रति रोपनी रु २५००।- का दरले अनुदान उपलब्ध गराइने छ ।
३. हाल लकडाउनका कारण गाउँपालिकाको तर्फवाट खाद्यान्न प्राप्त गरेका वा वाहिर वसी काम गर्ने विपन्न तथा मजदुर घरपरिवारले आफ्नो स्वामित्वमा रहेको बाँझो जमिन वा अरु कुनै व्यक्तीवाट बाँझो जग्गा भाडामा वा लिजमा लिइ अन्नबाली, तरकारीवालि, फलफुल तथा मसलेदार खेति गरेमा रु. ३०००।- का दरले अनुदान उपलब्ध गराइने छ ।
४. वाझो रहेको आफ्नो जग्गा वा लिजमा लिएको जग्गामा सुधारिएको गोठ वा खोर निर्माण गरी घास लगाइ व्यवसाहिक पशु पालन गरेमा प्रति रोपनि रु. ३०००।- का दरले अनुदान उपलब्ध गराईनेछ ।
५. वाझो रहेको जग्गामा ३० वटा बाख्रा वा ५ वटा सम्म गाई वा भैसी वा १ वटा वंगुर पाल्ने गरी खोर वा गोठ निर्माण गर्न स्टमेट र मुल्याङकनको आधारमा वढीमा १ लाख सम्म अनुदान उपलब्ध गराइने छ ।
६. माछा पालन गर्नका लागी प्रति रोपनि पोखरी निर्माण गरी प्रयोगमा ल्याएमा १५०००।- उपलब्ध गराईने छ ।
७. मौरी पालन गर्ने कृषकका लागि प्रति घार रु. ५ हजारका दरले उपलब्ध गराईने छ ।
८. व्यवसायीक जडीबुटी खेति गर्नका लागी प्रति रोपनि रु. ५ हजार सम्म उपलब्ध गराईनेछ ।

**आवश्यक कागजातहरु :**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
३. लिजमा लिएको भए सोको सम्झौता ।
४. बालि लगाउने बाँझो जमिनको क्षेत्रफलको विवरण ।
५. सम्बन्धित वडाको सिफारीस ।
६. कृषि प्राविधिकको सिफारीस ।

**नोट : अनुदानका लागि विगत ५ वर्ष देखि खेती योग्य जमिन बाँझो रहेको हुनपर्नेछ ।**

**पुनश्च:**

१. कसैले यस कार्यविधि बमोजीम खेतियोग्य जमिन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमिनको गाउंसभाबाट अनुमोदन हुने गरि भुमिकरमा बृद्दी गरिने, त्यस्तो बाँझो जग्गा स्वामित्वमा भएको व्यक्तिलाई गाउपलिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागी नगराउने साथै गाउपलिकाले उपलब्ध गराउने सेवाबाट समेत वन्चित गर्न सकिनेछ ।
२. कसैले यस कार्यविधि बमोजीम अटेर गरि वाँझो राखेको जग्गालाई कुनै जग्गा नभएको मोहीले त्यस्तो जग्गा कमाउन चाहेमा गाँउपालिकाले त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि उपलब्ध गराउन सक्नेछ ।
३. कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो बाझो जग्गा गाउपालिकाको भुमि वैकमा जम्मा गर्नु पर्नेछ ।

**५. विभिन्न बजेट शिर्षकका कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आर्थिक वर्षमा गर्नुपर्ने विभिन्न बजेट शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

- वडा नं. ३ र ६ जोड्ने सामरी खोलामा पिलर उठाउने कामका लागि ठेक्कामार्फत कार्यान्वयन भैरहेकोले त्यस पूललाई आवश्यक फ्याब्रिकेशनको ठेक्का खोल्ने,
- सामुदायिक स्वास्थ्य इकाई वडा नं. ३ र ६ को भवन निर्माणार्थ ठेक्का सूचना आव्हान गर्ने ।
- वडा ४ र ५ जोड्नेसामरी खोलासिमल्टारमा फलामे पुलको निर्माण गर्नका लागि फेब्रिकेशनको ठेक्का निकाल्ने तथा निर्माणको काम उपभोक्ता समिति मार्फत गर्ने ।
- प्रदेश शशर्त अनुदान अन्तरगत बालविवाह विरुद्ध अभियानको ३ लाख बजेटबाट प्रत्येक वडा तथा आवश्यक स्थानमा सूचनामुलक होडिङ्ग बोर्ड राख्ने ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

- अपाङ्ग व्यक्ति पुनस्थापित कार्यक्रम अन्तरगत प्रदेश शसर्तको ३ लाख बजेटबाट अपाङ्गलाई आयमुलक कार्यक्रम सञ्चालनमा अनुदान उपलब्ध गराउने ।
- संघीय सरकारको शशर्त अनुदान अन्तरगत नविकरणीय उर्जा कार्यक्रम अन्तरगत विनियोजित रु. १२ लाख ५५ हजार बजेटबाट कञ्चनथली सिँचाई आयोजनामा सोलार व्यवस्थापन गर्ने ।
- संघीय सरकारको शशर्त अनुदान तर्फको शैक्षिक सुनिश्चितता अनौपचारीक तथा वैकल्पीक शिक्षा कार्यक्रमबाट शिक्षा शाखालाई ल्यापटप खरिद गर्ने तथा जनता माध्यामिक विद्यालयको शैक्षिक सुधारको लागि ५० हजार विनियोजन गर्ने ।
- नमुना हरित सडक कार्यक्रम अन्तरगत विनियोजित रकम वडा नं. २ र ५ को सडकमा कार्यान्वयन गर्ने ।
- यस गाउँपालिकाले छपाई गरेको ऐनको राजपत्रको भुक्तानिमा नपुग हुने रकमको भुक्तानि दिने व्यवस्था गर्ने ।
- यस गाउँपालिकाको किटेनी भण्डारे सडक निर्माणको लागि विनियोजित ५ लाख रकम उक्त स्थानमा हाल कार्यान्वयन नहुने जानकारी वडाबाट प्राप्त हुन आएकोले उक्त शिर्षकमा विनियोजित बजेट आगामी गाउँसभाबाट अनुमोदन हुने गरी **कदमखोला भिमसेनडाँडा नदी नियन्त्रण कार्य** शिर्षकमा संशोधन गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।
- स्कुटर खरीदलाई नपुग हुने रकमको आवश्यक व्यवस्थापन गर्ने ।
- वडा नं. ३ फुटसल मोरङ्गे सडकमा स्ल्याब निर्माण गर्ने ।
- दूध विक्रि गर्ने किसानलाई प्रतिलिटर ५० पैसा अनुदान कार्यक्रम अन्तरगत यस गाउँपालिकाको अघिल्लो आर्थिक वर्ष २०७५।७६ मा विभिन्न ११ वटा दूग्ध उत्पादक सहकारी संस्थामा वार्षिक २३०२ किसानले विक्रि गरेको दूधको परिमाण ४५ लाख ७३ हजार ९ सय ५६ लिटर रहेको र उक्त परिमाण बमोजिम ५० पैसाका दरले दूग्ध उत्पादन प्रोत्साहन अनुदान दिँदा २२ लाख ८६ हजार ९सय ७८ रकम अनुदान दिनुपर्ने देखिएको तर बजेट रकम १८ लाख रहेकोले नपुग हुने थप रकमको आवश्यक व्यवस्थापन गरि उक्त अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**६. युवा लक्षित कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा ।**

निर्णय नं. २ बमोजिम युवाहरुलाई गाउँमै टिकिरहने बनाउन गाइँ भैसि खरिदमा अनुदान उपलब्ध गराउन तपसिल बमोजिम उक्त योजनामा विनियोजित तपसिल बमोजिमका बजेटमध्य **आगामी गाउँसभाबाट अनुमोदन हुने गरी** तपसिल बमोजिमको शिर्षकमा विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| **बजेट शिर्षक** | **कार्यान्वयन गर्ने बजेट शिर्षक** |
|---|---|
| लघुउद्यम विकास कार्यक्रम : ३० लाख<br>युवा लक्षित कार्यक्रम : ९ लाख<br>सार्वजनिक निजि साझेदारी कार्यक्रम : ६ लाख<br>स्थानीय कच्चा पदार्थ उपयोग कार्यक्रम : ५ लाख | युवा लक्षित कार्यक्रम : ५० लाख |

**उक्त कार्यान्वयन गर्ने बजेट शिर्षक बमोजिमको रकम देहाय बमोजिम कार्यक्रम सञ्चालन गर्ने**

- प्रत्येक वडामा वैदेशिक रोजगारीबाट फर्किएका तथा जाने मानसिकता बनाएका विपन्न युवाहरुलाई

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

गाउँमै टिकिरहने बनाउन गाईभैसि तथा बाखापालन खरिद र बिमा गरेपछि नमुना कृषि कार्यक्रम स्वरुप प्राप्त बिलभरपाईको आधारमा ५० हजार नबढ्ने गरी अनुदान उपलब्ध गराउने,

- प्रत्येक वडाबाट १०।१० जनाका दरले ८० जना र गाउँपालिकाले २० जना गरी जम्मा १०० जना विपन्न युवा छनौट गर्ने ।
- लक्षित युवाको नागरिकता, लालपुर्जाको प्रतिलिपि, राहदानीको प्रतिलिपि सहितको निवेदन, वडाको सिफारीस गाउँपालिकामा विवरण पेश गर्नुपर्ने ।

**७. विविध ।**

विविध सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

- कार्यालय सहयोगी पवित्रा चौलागाईंले स्वास्थ्य शाखाको सहयोगीको रुपमा कामकाज गर्दैरहेको र गाउँपालिकाको अन्य शाखाहरुको कामकाजमा समेत सहयोगी भूमिका निर्वाह गरिरहेकोले र निजको कामकाज सन्तोषजनक समेत रहेकोले बैशाख देखि लागूहुने गरी निजले खाइपाई आएको पारीश्रमिक बढाएर कार्यालय सहयोगिको सुरु तलब स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने ।
- यस कार्यालयमा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीको करार अवधि यहि बैशाकमा समाप्त भएको र निजहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले निजहरुको करार अवधि २०७७ असार मसान्तसम्मका लागि थप गर्ने ।

**तपसिल**

| सि.नं. | कर्मचारीको नाम थर | हालको पद | नियुक्ति मिति | सेवा करार अवधि | तह | खटिएको कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | सन्तोष न्यौपाने | अ.स.ई | २०७६।०७।०७ | २०७७।०१।०७ | सहायकस्तर चौथो | वडा नं. ६ |
| २ | सिता सुनार | अ.स.ई | २०७६।०७।०६ | २०७७।०१।०६ | सहायकस्तर चौथो | वडा नं. ४ |
| ३ | सुजाव पुडासैनी | अ.स.ई | २०७६।०७।०६ | २०७७।०१।०६ | सहायकस्तर चौथो | वडा नं. ८ |
| ४ | उज्जल घिमिरे | अ.स.ई | २०७६।०७।०६ | २०७७।०१।०६ | सहायकस्तर चौथो | वडा नं. १ |

- योजना तथा कार्यक्रम सम्झौताको म्याद आगामी २०७७ असार १५ सम्म थप गर्ने ।
- सिचाई डिविजन कार्यालय, मकवानपुरबाट आर्थिक वर्ष २०७४।७५ मा सामरी खोलाले प्रभाव पार्न सक्ने क्षेत्रहरु संरक्षणका लागि रु. ७४ लाख बजेट प्राप्त भई योजना सञ्चालन भएको र यस आर्थिक वर्षमा बजेट प्राप्त भएपनि लकडाउनको कारण खर्च गर्न सक्ने अवस्था नरहेकोले उक्त संरक्षणको कार्यक्रमलाई निरन्तरता दिन आगामी आर्थिक वर्षमा सो क्षेत्रको संरक्षणको लागि आवश्यक पर्ने बजेट उक्त कार्यलायसंग माग गर्ने ।
- तपसिल बमोजिमको कार्यविधि पारीत गर्ने
    - युवा लक्षीत अनुदान कार्यावन्यन कार्यविधि, २०७७
    - महिला स्वयंसेविकालाई सुविधा उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०७७
    - कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७७
    - लकडाउनको अवधिमा मकवानपुरगढी गाउपालिका भित्र रहेका उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माणका कार्य सञ्चालन गर्ने/गराउने सम्बन्धी मार्गदर्शन, २०७७

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

- ० प्रसूति सेवा प्रोत्साहन रकम बितरण कार्यबिधि, २०७७
- **तपसिल बमोजिमको पशू खरिद बिक्रि नर्म्स स्विकृत गर्ने,**

**बोका, बाखा, पाडा, पाडी तथा कोरली गाईको स्विकृत दररेट**

| सि. नं. | जात | दररेट |
|---|---|---|
| १ | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका ८७ प्रतिशत | रु. २५०० प्रति केजि |
| २ | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका ७५ प्रतिशत | रु. २००० प्रतिकेजी सम्म |
| ३. | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका ५० प्रतिशत | रु. १५०० प्रतिकेजी सम्म |
| ४ | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका २५ प्रतिशत | रु. ८०० प्रतिकेजी सम्म |
| ५ | बीँउ शेचन नगरेको बोयर जातको बाखा कम्तिमा १५ के.जी. भएको | रु. १५००० प्रतिगोटा |
| ६ | ७५ प्रतिशत बोयर जातको बोकाको बीँउ शेचन गरेको बाखा | रु. २००० प्रतिकेजी सम्म |
| ७ | ५० प्रतिशत बोयर जातको बोकाको बीँउ शेचन गरेको बाखा | रु. १५०० प्रतिकेजी सम्म |
| ८ | २५ प्रतिशत बोयर जातको बोकाको बीँउ शेचन गरेको बाखा | रु. ८०० प्रतिकेजी सम्म |
| ९ | सामान्य जातको साधारणतया २ वटा पाठा पाउने बाखा | रु. ६०० प्रतिकेजी |
| १० | सामान्य जातको बोका ब्याडे | रु. १००० प्रति केजि |
| ११ | कम्तीमा १८ महिनाको कोरली गाई/बाछी | रु. १५,००० प्रतिगोटा |
| १२ | कम्तीमा २ वर्षको पाडा/पाडी प्रतिगोटा | रु. २०,०००/- प्रतिगोटा |

- ० जनजाती समन्वय समितिमा ल्होसार तथा विभिन्न संस्कार संस्कृती संरक्षण तर्फ विभक्त गरिएको रु. २ लाख ५० हजार रकमबाट तपसिल बमोजिमको ल्होसार कार्यक्रम सम्पन्न गर्न बजेट विनियोजन गर्ने।

| सि.नं. | कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| १ | ल्होसार वृहत सास्कृतीक कार्यक्रम वडा नं. ८ | ५० हजार |
| २ | ल्होसार कार्यक्रम, वडा नं. २ | ५० हजार |
| ३ | उर्गेन छोइलिङ्ग टासि गुम्वा सोनम ल्होसार कार्यक्रम वडा नं. ३ | ४० हजार |
| ४ | श्री टासि छोइलिङ्ग गुम्वा च्याफो जिवा ल्होसार कार्यक्रम | २० हजार |
| | जम्मा | १ लाख ६० हजार |

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner